अरुले आएर देश बनाइदिन्न, हामी सबै मिलेर विकास गर्नुपर्छ | पृष्ठ ३ मा

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com





वर्ष २६ • अंक ३२४ • २०८२ साल बैशाख ८ गते सोमबार (21 April, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


## तत्काल निर्माण नगर्न अन्तरिम आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम । उच्च अदालत जनकपुरले स्व. रामनारायण मिश्र स्मृति भवनको निर्माण कार्य तत्काल नगर्न आदेश दिएको छ ।

उच्च अदालतले पोखरीको डिल मिचेर अगाडि बढाइएको भवन निर्माण कार्य तत्काल रोकिने गरी अन्तरिम आदेश जारी गरेको छ ।

सो आदेश उच्च अदालतका न्यायाधीश राजुराम सिलवालको एकल इजलासबाट तत्काल निर्माण कार्य रोका गर्न आदेश जारी गरेको छ ।

आदेशमा जनकपुरधाम उपमहानगरपालिकाले २०७९ सालको फागुन ४ गते प्रदान गरेको भवन निर्माण नक्शा र त्यसका आधारमा अगाडि बढाइएको निर्माण कार्यले सार्वजनिक सम्पदा, गंगासागर पोखरीको डिलमा 'अपूरणीय क्षति' पुऱ्याउने सम्भावना देखिएकाले तत्काल रोक्न आदेश दिएको छ ।

सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७५ अनुसार पोखरी वा जलाशयको डिलबाट कम्तीमा ५ मिटर दूरीमा मात्र भवन निर्माण गर्न मिल्ने स्पष्ट व्यवस्था छ । तर स्व. रामनारायण मिश्र स्मारक समितिद्वारा अगाडि बढाइएको निर्माण कार्यले मापदण्ड उल्लंघन गर्दै पोखरीको संरचनामै क्षति पुऱ्याउने गरी निर्माण गरिरहेको विपक्षीहरुको दाबी छ ।

गुठी संस्था शाखा जनकपुरले समेत २०७८ सालमै सो डिलमा निर्माण नगर्न पत्राचार गरेको तथ्य अदालतमा पेश गरिएको थियो । रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताहरू राम नेक साह, मुकेश कुमार कार्की, प्रकाश कुमार घिमिरे र अधिवक्ताहरू राहुल कुमार झा, राम सागर साह र राकेश कुमार साहको तर्फबाट बहस प्रस्तुत गरिएको थियो । उनीहरूले न्यायालय समक्ष सम्पदाको संरक्षण र डिल मिचाइको स्पष्ट प्रमाण सहित अतिक्रमण रोक्न माग गरेका थिए ।

अदालतले विपक्षी प्रतिवादीहरूलाई १५ दिनभित्र उच्च सरकारी वकिल कार्यालय जनकपुरमार्फत जवाफ पेश गर्न आदेश दिएको छ । अन्यको हकमा भने स्वतन्त्र रूपमा वा कानूनी प्रतिनिधिमार्फत जवाफ दिन भनिएको छ ।

### जनमत पार्टीको विवाद प्रहरीमा पुग्यो

# निलम्बित कोषाध्यक्ष यादव ठगी मुद्दामा पक्राउ

**टुडे समाचारदाता**

राजविराज । जनमत पार्टीमा केही महिनादेखिको विवाद अब प्रहरीसम्म पुगेको छ । पार्टीका निलम्बित केन्द्रीय कोषाध्यक्ष सुरेन्द्र यादव ठगी मुद्दामा पक्राउ परेका छन् ।

यादवले अध्यक्ष डा.सी.के. राउतले पार्टीको रकम हिनामिना गरेको लगायत कयौं आरोप लगाएका थिए । यादव उपर पार्टीको अनुशासन विपरीत कार्य गरेको, पार्टीको कोष हिनामिना गरेको लगायतका आरोप लगाउँदै स्पष्टीकरण सोधिएको थियो ।यादवले स्पष्टीकरणको जवाफ दिए पनि चित्त बुझ्दो नभएको भन्दै उनलाई अध्यक्ष राउतले निलम्बन गरेका थिए ।

पार्टीको कोष हिनामिना गरेको लगायतको आरोप सहित पार्टीको तर्फबाट केन्द्रीय प्रवक्ता डा.शरदसिंह यादवले प्रहरीमा उजुरी दिएको थियो । सो उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीले यादवलाई पक्राउ गरेको छ । सप्तरीका एसपी ढकेन्द्र खतिवडाले ललितपुर प्रहरी परिसरको पत्रपछि ठगी तथा आपराधिक विश्वासघात मुद्दामा उनलाई आइतबार पक्राउ गरिएको जनाएका छन् ।

जनमत पार्टीका केन्द्रीय प्रवक्ता शरदसिंह यादवको जाहेरीमा जिल्ला प्रहरी परिसर ललितपुरमा ठगी तथा आपराधिक विश्वासघात मुद्दा दर्ता भएको हो । ललितपुर जिल्ला अदालतवाट जारी पक्राउ पुर्जीका आधारमा यादवलाई नियन्त्रणमा लिइएको खतिवडाले बताएका छन् । उनलाई ललितपुर पठाइएको एसपी खतिवाडाले बताए ।



पार्टीको कोष हिनामिना गरेको तथा पार्टी र अध्यक्षविरुद्ध षड्यन्त्र गरेको आरोप लगाउँदै जनमत पार्टीले यादवलाई केही समयअघि निलम्बन गरेको थियो ।

तर यादवले निलम्बन बिरुद्ध अध्यक्ष राउतमाथि प्रश्न उठाउँदै पार्टीमा तानाशाही गरेको आरोप लगाएका थिए ।निलम्बित कोषाध्यक्ष यादवले भने अध्यक्ष राउतले विभिन्न स्थानबाट आएको चन्दा रकम हिनामिना गरेको र सो को हिसाब माग्दा निलम्बन गरेको आरोप लगाएका थिए ।

पक्राउ परेका यादवमाथि प्रवक्ता यादवले गरेको मुद्दामा जनमत पार्टीका पाँच जना संघीय सांसद साक्षी रहेको बताइएको छ ।

जनमत पार्टीमा केही समययता अध्यक्ष राउतको विरोध गर्नेहरुलाई कारवाही गरी हटाइएको छ । पार्टीको स्थापनाकालका सहयोगीहरुलाई पाखा लगाइएको र रकम लेनदेनको आधारमा अध्यक्षले काम गरेको आरोप लगाउन थालिएको छ ।

संघीय सरकारलाई समर्थन गरेको जनमत पार्टीले मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको छ । पार्टीका मुख्यमन्त्रीमा संसदीय दलका नेतालाई मौका नदिएको कारण पनि आर्थिक चलखेल रहेको आरोप हालै केही नेताहरुले लगाएका छन् ।

जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी(नाउपा) बीच एकीकरणको काम अन्तिम चरणमा पुगेको बेला निलम्बित कोषाध्यक्षमाथि अध्यक्ष राउतले मुद्दा लगाएको छ । नेपालको राजनीतिक इतिहासमा कोषाध्यक्षले पार्टीको कोष हिनामिना गरेको र अपराधिक विश्वासघात गरेको अभियोग लगाउँदै मुद्दा दर्ता गरिएको छ ।

पार्टीको अनुशासन समितिका संयोजकमाथि नै अनुशासनको कारवाहीगरि निलम्बन गरिएको छ । अध्यक्ष राउतको घेरा अहिले निकै साँघुरिएको पार्टीका कयौं युवा नेताहरुले बताउन थालेका छन् ।

प्रदेश सरकारमा योजना बिक्रीको आरोप मुख्यमन्त्री, मन्त्री र सभासदहरुमाथि समेत लागेको छ । प्रदेश सभामा भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले गरेको खुलासामा मुख्यमन्त्री सतीश कुमार सिंहले झण्डै सवा अर्ब रुपैयाँको योजना लिएका छन् । ती योजनाहरु पनि बिक्री गरिएको आरोप छ ।

पार्टी र सरकारमा शुद्धिकरणको मुद्दा उठाउने जनमत पार्टीले कोषाध्यक्षमाथि ठगी मुद्दा चलाउँदा प्रदेश सरकारमा भइरहेको भ्रष्टाचारलाई ढाकछोप गरिरहेको छ । प्रदेश सरकारले जनभावना अनुरुपको 'डेलिभरी 'दिन नसकेको आरोप पार्टी भित्रैबाट लागिरहेको छ ।

जनमत पार्टीका अध्यक्ष डा. राउतले श्रीमतीसित सम्बन्ध विच्छेदको मुद्दा लडिरहेको बेला पार्टीको तर्फबाट प्रवक्ता डा.यादवले निलम्बनमा परेका कोषाध्यक्ष यादवसित ठगी र आपराधिक विश्वासघातको मुद्दा लडिरहेका छन् ।

पक्राउ परेका यादवले आफूमाथि लगाइएको आरोप निराधार रहेको दाबी गर्दै सत्ताको चरम दुरुपयोग गरी मुद्दा चलाइएको बताएका छन् । उनले अध्यक्ष राउतमाथि नै पार्टीको कोषबाट लिएको रकम फिर्ता नदिएको र हिसाब समेत नबुझाएको सार्वजनिक गरेका थिए ।









# सार्वजनिक इनारबाट पानी खान वञ्चित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वरमा सार्वजनिक इनारबाट निकाल्न गएका खानेपानीबाट वञ्चित गरिएको आरोप लगाएको छ ।



जिल्लाको बटेश्वर गाउँपालिका-५ का रामपुजन यादव घर नजिकै रहेको सार्वजनिक इनारबाट खानका लागि पानी तान्न आइतबार मोटर लगाउने सुरसारमा थिए । तर यादवले भने सो सार्वजनिक इनारमा मोटर लगाउन पाएनन् । पानी तान्ने मोटर इनारमा लगाउन जाँदा यादवलाई सार्वजनिक इनारका लागि जग्गा दान दिएका बटेश्वर गाउँपालिका वडा- ४ का रामसेवक साह र उनका घरपरिवारले रोक्दै मोटर फालिदिए । यो इनारमा मोटर लगाउन पाइँदैन, डोलबाल्टिन लिएर पानी तानेर खाउ, हामी रोक्दैनौ भन्दै साहले मोटर लगाउन दिएन यादवले दुखेसो पोखे ।

बटेश्वर गाउँपालिकाको गाउँसभाबाट आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वडास्तरीय कार्य योजना अन्तर्गत वडा नं. ४ मा जयनाथ घर छेउमा रामसेवक साहु सुडीले ईनार खन्न तीन धुर नम्बरी जग्गा दियो र सार्वजनिक ईनार खनियो । इनारबाट हाल करिव एक दर्जन घरपरिवारले मोटर लगाएर पानी खाई रहेका बटेश्वर गाउँपालिकाको मिति २०८१ मंसिर १८ गतेको पत्र संख्या २०८१/८२ चलानी नं. ४९९ को पत्रमा उल्लेख रहेको छ । वडाध्यक्ष निरज कार्कीद्वारा जारी सो पत्रमा साविक बटेश्वर गा.वि.स. वडा नं. ५ क को किता नं. ९७० क्षेत्रफल ०-६-०-० जग्गा मध्ये ०-०-३-० जग्गा आफूखुशी सार्वजनिक इनार निर्माण गर्न उपलब्ध गराएको र खनिएको सो इनारबाट हाल गा.पा. वडा नं.४ र ५ का एक दर्जन घरपरिवारले पानी खाइरहेको उल्लेख छ ।

तर इनारका लागि जग्गा दिएका साहले वडा नं. ४ को लागि मात्र पालिकाबाट सो इनार दिएको र खनिएकोले वडा नं. ५ का वासिन्दालाई मोटर लगाएर पानी खान नदिने बताए । सो इनारका पानी खानु छ, भने डोल बाल्टिन लिएर तान्नु पर्छ, मोटर लगाउन दिदैँनौँ भन्दै मोटर लगाउन गएको वडा नं. ५ का रामपुजन यादवको मोटर इनारमा खसाल्न नदिएर पर फालिदिएको बताए । यस विषयमा पटक पटक विवाद र छलफल हुँदै आए पनि सार्वजनिक इनारमा यादवले भन्ने मोटर लगाउन पाएका छैनन् ।

विवाद बढ्दै गएपछि गाउँपालिकाको न्यायिक समितिमा यादवले सार्वजनिक इनारबाट पानी पिउने व्यवस्था मिलाई पाउँ भन्दै जग्गाधनी साह र स्थानीय जयनाथ यादव विरुद्ध दिएको उजुरीमा स्थलगत निरिक्षण र सुनवाई गर्दै सो इनारमा बलजवरजस्ती पानी पिउन मोटर लगाउने कार्यलाई न्यायिक रहेको मान्न नसकिने भन्दै अन्य व्यक्ति सरह नै इनारको मर्मत सम्भार, पानी सफा गर्ने, औषधी हाल्ने लगायत कार्यको लागि वार्षिक रुपमा शुल्क तिरेर पानी खानलाई मोटर लगाउन दिने निर्णय मिति २०८१ कार्तिक १३ गतेमा गरेको पत्रमा उल्लेख छ ।

गाउँपालिकाको न्यायिक समितिको निर्णय अनुसार आफु वार्षिक शुल्क तिर्ने कबुल गर्दा पनि आफुलाई इनारमा मोटर लगाउन नदिएको यादवको दाबी छ । न्यायिक समितिको निर्णय नमान्दा आफु बाध्य भएर उच्च अदालत जनकपुरमा साह विरुद्ध निवेदन दिएको उनले बताए । उच्च अदालतबाट निवेदनको अन्तिम टुंगो नलागेसम्म निवेदकलाई सो सार्वजनिक इनारबाट अन्य व्यक्तिले उपभोग गरे सरह पानीको उपभोग गर्न वञ्चित नगर्नु नगराउनु भनेर विपक्षीहरुको नाउँमा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५८ बमोजिम अन्तरिम आदेश दिएको २०८१ पौष ४ गतेको उच्च अदालत जनकपुरको आदेश पत्रमा उल्लेख छ ।

पीडित यादवका अनुसार विपक्षी साहले उच्च अदालतको आदेशलाई समेत अवहेलना गर्दै हालसम्म पनि आफुलाई सो सार्वजनिक इनारबाट मोटर लगाएर पानी खान नदिएको आरोप छ । उनले अदालतको आदेश कसले कार्यान्वयन गराई दिन्छ भन्दै प्रश्न पनि गरे । प्रहरीलाई गुहार्दा पनि केही सुनवाई नगरेको यादवले गुनासो गरे ।

उनले आफु नेपाली कांग्रेस पार्टी निकट भएको र विपक्षी नेकपा एमाले निकट भएकाले राजनीतिक दाउपेच गरेर आफुलाई पानी खानबाट वञ्चित गरिएको बताए ।

यता सार्वजनिक इनार खनिएको जग्गाधनी साहले आफुले कहिले पनि यादवलाई ईनारको पानी खान नरोकेको बताए । उनले यो इनार वडा नं. ४ का व्यक्तिको लागि खनिएकोले वडा नं. ५ का घरधुरीलाई आफुखुशी पानी खान दिने बताए । यादवलाई पनि पानी खान रोकेको छैन तर डोल, बाल्टिन लिएर मात्र पानी तान्न दिने उनको अडान छ । आफुले कुनै पनि राजनीतिक दाउपेच नगरेको र यादवले आफुलाई पटक पटक थर्काएर बलजवरजस्ती मोटर लगाउन खोजिएकाले रोकिएको साहको भनाइ छ ।

सो इनारमा दुवै वडाका आधा दर्जन भन्दा बढी मोटर लगाएर पानी खाई रहेका स्थानीयहरुले बताएका छन् । सुग्जोर बटेश्वर सडक खण्डमा पर्ने सो टोल सडक उत्तर वडा नं. ४ र सडक दक्षिण वडा नं. ५ पर्छ ।

सो टोलमा ईनारको संख्या कमै रहेको र पुराना चापाकलहरु कतिपय सुकेको र कतिपयमा पानी कम भएकाले खानेपानीको समस्या बढ्दै गएको छ ।

# 'नवजात शिशुप्रति स्वास्थ्य क्षेत्र गम्भीर'



**टुडे समाचारदाता**

बर्दिवास । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री सत्रुधन प्रसाद सिंहले नवजात शिशुको स्वास्थ्य अवस्थाप्रति राज्य गम्भीर रहेको बताएका छन् ।

बर्दिवासमा आइतबार प्रदेशस्तरिय आर्थिक वर्ष ८०/८१को बाल स्वास्थ्य तथा नवजात शिशु कार्यक्रमको वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठीमा बोल्दै मन्त्री सिंहले सर्वसाधारणदेखि सम्बन्धित निकायमा काम गर्नेहरुले आ-आफ्नो दायित्वबोध गरेमा नवजात शिशुको वर्षेनि विभिन्न कारणले हुने गरेको क्षति न्यूनीकरण हुनेमा दाबी गरे ।

उनले भने, 'सर्वसाधारणहरु पनि शिक्षित हुन्छन्, कर्मचारीहरु पनि शिक्षित हुन्छन्, शिक्षित हुँदाहुँदै सर्वसाधारणहरु उपचारका लागि निकै रकम खर्चिन्छन्, तर जोसंग आर्थिक समस्या छ, विपन्न परिवारहरु कहाँ जान्छन्, सरकारी अस्पतालमा जाँदा पहुँचको पनि त्यतिकै अभाव, अस्पताल पुग्दा कर्मचारी हुँदैन, भएमा पनि आफ्नो जिम्मेवारीबोध गर्दैनन्, त्यसपछि न समस्या उत्पन्न हुन्छ, जुन गलत हो ।' उनले अघि थप्दै भने, 'तर म कसैप्रति आरोप लगाउदिन किनभने सर्वसाधारणहरुले पनि बालबच्चाप्रतिको दायित्व र कर्मचारीहरुले सेवाग्राहीहरु प्रति कर्तव्यबोध गरेमा बाहिर देखिने गरेका समस्याहरु तत्कालै समाधान हुने बताए ।

दुई दिवसीयसम्म चलेको सो गोष्ठीमा मधेश प्रदेशका स्वास्थ्य निर्देशनालयका सचिव राजेशकुमार मिश्रले नवजात शिशुहरुको स्वास्थ्य अवस्था, आमासंग जोडिएको हुनाले आमा र शिशुको स्वास्थ्यलाई दीर्घकालीनसम्म निको राख्ने उपायबारे गहन छलफल आवश्यक रहेको औल्याए ।

# ट्राफिक प्रहरी द्वारा ९ महिनामा १ करोड राजश्व संकलन



**टुडे समाचारदाता**

रौतहट । जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रिगाहपुर तथा मातहतका युनिटहरुले मात्र ९ महिनाको अवधिमा नियम बिपरित चलेका सवारी साधन लाई गरेको कारवाहीबाट १ करोड रुपैयाँ बढी राजश्व संकलन गरेको छ। गत साउन महिना देखी चैत मसान्तसम्म रौतहट जिल्लामा नियम बिपरित चल्ने ११ हजार ४८९ सवारी साधन लाई गरिएको कारवाहीबाट कुल १ करोड ७ लाख ४६ हजार रुपैयाँ राजश्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी प्रमुख इन्स्पेक्टर लोकेन्द्र अधिकारीले बताएका छन् ।

९ महिनाको अवधिमा जिल्ला भरीमा भएको ५४९ सवारी दुर्घटनामा ३८ जना मानिसको मृत्यु भएको इन्स्पेक्टर अधिकारीले जानकारी दिएका छन् ।

सो दुर्घटनामा परी ६६ जना मानिस गम्भीर तथा ८३६ जना सामान्य घाईते भएको ट्राफिक प्रहरीको सूचनामा उल्लेख गरिएको छ ।

ट्राफिक प्रहरीले सोही अवधिमा बढ्दो सवारी दुर्घटना न्युनिकरण गर्न बिद्यालय, बाटो, सार्वजनिक स्थलमा गरी दुई हजार ३९९ सचेतना मुलक कार्यक्रम आयोजना गरेको जसमा ५३ हजार ९३६ जना मानिस सहभागी भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रिगाहपुरले जनाएको छ ।

कम जनशक्तिको बावजूद जिल्लाको मुख्य पूर्व पश्चिम राजमार्गको बागमती, चन्द्रनिाहपुर, गौर चन्द्रपुर सडकखण्ड अन्तर्गत दुमारिया, गरुडा, शिवनगर, सुकदेव चौक, बमनहर, गौर र ग्रामीण क्षेत्रमा समेत ट्राफिक प्रहरी परिचालन गरिएको जनाइएको छ ।

# दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न २११ खर्ब ६५ अर्ब लगानी आवश्यक पर्ने

काठमाण्डु । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि रू २११ खर्ब ६५ अर्ब लगानी आवश्यक भएको राष्ट्रिय योजना आयोगले जनाएको छ । आयोगले आइतबार 'दिगो विकास लक्ष्यः आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०८१' प्रतिवेदन सार्वजनिक गर्दै सन् २०२४ देखि २०३० सम्ममा वार्षिक औसत रू ३० खर्ब २३ अर्ब लगानी आवश्यक पर्ने जनाएको हो ।



दिगो विकास लक्ष्यमध्ये कुल लगानी आवश्यकताको सबैभन्दा ठूलो हिस्सा लक्ष्य-९ को कार्यान्वयनका लागि आवश्यक पर्ने आयोगले जनाएको छ । दिगो विकास लक्ष्य-९ उद्योग, नवीन खोज र पूर्वाधार क्षेत्रसँग सम्बन्धित छ । यस क्षेत्रमा कुल लगानीको २४ प्रतिशत लगानी आवश्यक पर्ने जनाइएको छ ।त्यसैगरी, लक्ष्य-७ अर्थात स्वच्छ ऊर्जाका क्षेत्रमा कूल लगानीको १२ प्रतिशत र लक्ष्य-१ अर्थात गरिबी अन्त्यका लागि ११ प्रतिशत लगानी चाहिने आयोगको अनुमान छ । दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि २०२४ देखि २०३० सम्म औसतमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५ दशमलव चार प्रतिशत लगानी आवश्यक हुने अनुमान गरिएको छ ।

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि लगानी आवश्यकता पूर्ती गर्न सार्वजनिक, निजी, सहकारी र घरपरिवारस्तरबाट वित्तीय स्रोत उपलब्ध हुने गरी रणनीति तयार पारिएको आयोगले जनाएको छ । सार्वजनिक क्षेत्रबाट दिगो विकास लक्ष्यको कुल लागत आवश्यकता मध्ये ५७ दशमलव पाँच प्रतिशत लगानी परिचालन हुने अनुमान गरिएको छ । जसमा सङ्घ सरकारको ७०, प्रदेशको नौ र स्थानीय सरकारहरूको तर्फबाट २१ प्रतिशत लगानी आवश्यक पर्ने ठानिएको छ । त्यस्तै, निजी क्षेत्रबाट ३४.३५ प्रतिशत, सहकारी तथा गैर सरकारी क्षेत्रबाट चार दशमलव १८ प्रतिशत र घरपरिवार स्तरबाट तीन दशमलव ९५ प्रतिशत लगानी परिचालन हुने अनुमान गरिएको छ ।

प्रतिवेदन सार्वजनिक गर्नुहुँदै योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि आवश्यक लगानी कति हो ? र त्यसका लागि स्रोत कहाँ खोज्ने भनेर अनुमान गरी यो दस्तावेज तयार पारिएको बताउनुभयो ।

"लक्ष्य प्राप्तिका लागि हाम्रो आवश्यकता र त्यसलाई पूर्ति गर्नका लागि आवश्यक स्रोतको पहिचान गर्न खोजिएको छ । यो प्रतिवेदनमा हामीले पहिलेको भन्दा केही नयाँ स्रोत पनि पहिचान गरेका छौँ", उहाँले भन्नुभयो, "लक्ष्य प्राप्तिका लागि तीनवटै तहका सरकार र निजी तथा सहकारी क्षेत्रको भूमिकालाई पनि पुनःपरिभाषित गरेका छौँ ।" दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि विद्यमान स्रोतबाहेक समिश्रित वित्त (ब्लेन्डेड फाइनान्स), जलवायु वित्त, जस्ता नवीनतम स्रोतको पहिचान आवश्यक रहेको उपाध्यक्ष अधिकारीले बताउनुभयो ।

दिगो विकास लक्ष्य कार्यान्वयनका लागि दीर्घकालीन वित्तीय अन्तर कति हो भन्ने कुरा पनि यो प्रतिवेदनले समेटेको छ । सन् २०३० सम्ममा दिगो विकास लक्ष्यमा अपेक्षित प्रगति हासिल गर्नका लागि चाहिने आर्थिक, नीतिगत तथा कानुनी पुनरावलोकनका क्षेत्रको सुझाव पनि प्रतिवेदनले दिएको छ । त्यस्तै, क्षेत्रगत नीति सुधार, दिगो विकास लक्ष्यको प्राथमिकीकरणका साथै स्रोत परिचालन सुधार, वैदेशिक सहायताको परिचालन, सार्वजनिक खर्चको लागत प्रभावकारिता अभिवृद्धि, प्रविधिमा सजिलो पहुँचलगायत रणनीतिक हस्तक्षेप आवश्यक देखिएको प्रतिवेदनमा उल्लेख छ ।

कोभिड-१९ महामारी, जनसाख्यिक परिवर्तन, बसाइँसराइ र सहरीकरण, बढ्दो असमानता, जलवायु परिवर्तनसम्बन्धी मुद्दाहरु, द्वन्द्वका प्रभावसहित प्रादेशिक सन्दर्भले समग्रमा मुलुकको दिगो विकास लक्ष्य कार्यान्वयनका लागि नीति तथा रणनीतिमा पुनरावलोकन र अद्यावधिक आवश्यक रहेको भन्दै आयोगले यो प्रतिवेदन तयार पारेको हो ।रासस

# नयाँवर्ष प्रारम्भसँगै महोत्तरीवासीमा सहकालको आशा

महोत्तरी । नयाँवर्ष २०८२ प्रारम्भ भएसँगै महोत्तरीका बासिन्दाले यो वर्ष सहकाल हुने आशा गरेका छन् । नववर्षको पूर्वसध्या र वैशाख लागेपछि पनि वर्षात् भएपछि अन्नबाली लगाउन उनीहरुमा उत्साह भरिएको छ भने बाली सप्रने उमङ्ग पनि उनीहरुमा छाएको छ ।

गत चैतको सुरुदेखि नै खानेपानीको समस्या झेल्दै आएका जिल्लाको उत्तरी क्षेत्रका बासिन्दामा पानी परेसँगै खानेपानीको अभाव हटेको छ । पर्याप्त वर्षा भएपछि पानीका मुहान रसाउन थालेका छन् ।

पानी परेपछि बर्दिवास-१४ का रामनरेश महतो दङ्ग हुनुहुन्छ, "यसपाली सहकाल आउने आशा जाग्यो ।" "नयाँ वर्षले राम्रै लक्षण देखाएको छ, वर्ष सुरु हुनपूर्वदेखि नै पानी परेको छ" महतोकै छिमेकी ७५ वर्षीय चन्देश्वर साह भन्नुहुन्छ, "दिनको सङ्केत बिहानीले गर्छ भन्छन्, यो वर्षको सुरुमै परेको वर्षाले आशा पलायो ।"

बर्दिवास चोकमाथिका पानीखोल्सी, दूधमारा खोल्सी र दाहाल्नी खोल्सीका मुहानमा पनि पानी रसाएको छ । चौध वडा भएको बर्दिवास नगरपालिकामा ५० जति बस्ती छन् । तीमध्ये अधिकांशमा नदी, खोल्साखोल्सीको पानी भण्डारण गरेर धाराबाट वितरण गरिने पानी नै खानेपानीको मुख्य स्रोत हो । बर्दिवासका वडा नं ६, ७, ९, १२ र १३ मा भने खानेपानीको स्रोत इनार छन् । बर्दिवास-१२ का मेघरोल, जुडी र चल्कीमा इनारसँगै चापाकल पनि प्रयोगमा छन् ।

यसैगरी, १२ वटा वडा भएको गौशाला नगरपालिकाका आधा बस्तीमा खोल्साखोल्सी र बोरिङबाट ट्याङ्कीमा भण्डारण गरिएको पानी धाराबाट वितरण प्रणालीबाट आपूर्ति हुँदैछ । गौशालाका अन्य आधा बस्तीमा इनार र चापाकल प्रयोगमा छन् । खानेपानीको समस्या व्यहोर्दै आएको भङ्गाहाका ४ र ५ का वडाका बस्तीमा इनार छन् । ती इनारमा पनि पानी रसाएको छ । ती फागुनदेखि नै सुकेका थिए । इनारमा पानी रसाएपछि गाउँलेहरु दङ्दास छन् ।

पानी परेसँगै किसानका खेतबारीमा उखु, मकै, सागसब्जी लहलहाएका छन् । आँप, लिची र रुखकटहरमा चिचिला पोटिन थालेका छन् । बर्दिवास-७ प्रेमनगरका ७० वर्षीय किसान रामउद्गार महतो जिल्लामा सहकाल प्रारम्भ भएको ठान्नुहुन्छ । खेतीपाती, व्यापार-व्यवसाय र अन्य काममा लाग्न आफूहरुलाई सहज भएको उहाँले बताउनुभयो ।

महोत्तरीको ७० हजार हेक्टर खेतीयोग्य जमिनमध्ये अधिकांश खेती आकासे पानीका भरमा गर्नुपर्दा किसान अब पानी राम्ररी पर्ने आशामा छन् । जिल्लामा खेतीयोग्य जमिनमध्ये १० प्रतिशतमा मात्र स्थायी सिँचाइ सुविध छ ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ ।
वृष : नयाँ व्यवसाय सुरु गर्ने मौका छ ।
मिथुन : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ । परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ ।
कर्कट : रमाइलो यात्राको अवसर जुट्न सक्छ ।
सिंह : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ ।
कन्या : प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ ।
तुला : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ ।
वृश्चिक : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ ।
धनुः कामामा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ ।
मकर : सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ ।
कुम्भः अध्ययन अध्यापनमा प्रगति हुनेछ ।
मीन : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



कर्मचारी संचय कोषको भवन :जनकपुरधाम उपमहानगरपालिका-१२ मा नियो क्लासिकल शैलीमा निर्माण कार्य अन्तिम चरणमा पुगेको आकर्षक कर्मचारी सञ्चय कोषको कार्यालय, कर्मचारी आवास तथा सुरक्षा भवन। साढे १० करोड रुपैयाँभन्दा बढी लागतमा निर्माण भएको यो भवन तुलसी कन्स्ट्रक्सन भक्तपुरले निर्माण गरेको हो ।   *तस्बिरः अमरेन्द्रकुमार यादव*

# आफ्नो आम्दानीको केही प्रतिशत मातृभूमिको विकासमा लगानी गर्न अनुरोध



काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीको अपार सम्भावना रहेको बताउँदै आफ्नो आम्दानीको केही अंश मातृभूमिको विकासका निम्ति लगानी गर्न वैदेशिक रोजगारीमा रहेका नेपाली तथा गैरआवासीय नेपालीहरुलाई आग्रह गर्नुभएको छ ।

नेपाली जनसम्पर्क समिति युएईद्वारा शनिबार साँझ अबुधाबीमा आयोजित एक कार्यक्रममा उहाँले नेपालमा लगानीका प्रशस्त सम्भावना रहेको र धेरै क्षेत्रहरुमा लगानीगरी राम्रो प्रतिफल लिन सकिने बताउनुभयो ।

“नेपालमा सम्भावना छैन भन्ने र हरेक कुरा नकारात्मक रुपमा लिने गरिएको पाइन्छ । विदेशमा बस्ने नेपालीलाई विदेशको विकास र प्रविधिहरु देखेर नेपालसँग तुलना र विरोध गर्ने गरेको पाइन्छ । विदेशमा गरेको जस्तै लगानी र मेहनत नेपालमा गर्ने हो भने प्रशस्त लाभ लिन सकिन्छ”, उहाँले भन्नुभयो । उहाँले हालै नेपाल सरकारले गरेको कानुन सुधारले लगानीकर्तामा उत्साह ल्याएको र मुलुकमा लगानीको वातावरण पनि बन्दै गएको बताउनुभयो ।

त्यस अवसरमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, युएइका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीलगायत विशिष्ट व्यक्तिहरुको उपस्थिति थियो ।रासस

# अरुले आएर देश बनाइदिन्न, हामी सबै मिलेर विकास गर्नुपर्छ

हामी सबै मिलेर विकास गर्ने हो । अरुले आएर हाम्रो देश बनाउँदैन, कसैले बनाइ दिँदैन । जे सहयोग व्यक्तिहरु वा देशहरुले गर्ने गरेका थिए, अहिले विभिन्न सहयोग धरापमा पर्ने गरेको हामीले देखेका छौं ।



काठमाण्डु । आज खुसीको कुरा हो । गोन्द्राङ-पुल्चोक खण्ड एसियाली मापदण्डको सडकको कार्यसम्पन्न भएर उद्घाटन भएको छ । कार्यसम्पन्न हुनु खुसीको कुरा हो । कार्यसम्पन्न भएर यो उद्घाटित भएको छ । यस अवसरमा यो कार्यमा सहयोग र सहयोगी हात अगाडि बढाउने सबैलाई धन्यवाद भन्न चाहन्छु । यसमा योगदान गर्ने झन योगदानका पात्र हुँदै हुनुहुन्छ ।

वास्तवमा यो पूर्व-पश्चिम राजमार्गलाई एसियाली स्ट्याण्डरमा विकास गर्नु थियो र यसलाई यसै ठाउँबाट मैले सुरु गर्न किन चाहे भने बुटवल-भैरहवा पनि यहाँबाट नजिकै पर्छ, हेटौँडा-वीरगञ्ज पनि नजिकै पर्छ, काठमाडौँ जाँदा सेन्टर नै पर्छ, पोखरा जाँदा सेन्टर पर्छ । यो सबै ठाउँको सेन्टर छ । विकासको हिसाबले, पर्यटकीय हिसाबले, शिक्षा, स्वास्थ्यका हिसाबले र अनेक हिसाबले यो केन्द्रको रुपमा छ । यसलाई तदअनुसार नै भरतपुरलाई विकास गर्नुपर्छ, चितवनलाई विकास गर्नुपर्छ भन्ने मेरो धारणा हो । त्यसअन्तर्गत नै यस ठाउँबाट सुरु गर्नुपर्छ भनेर नै सडक विकासको काम एसियाली मापदण्डमा निर्माणको काम यहीँबाट थालिएको थियो ।

यहाँहरु सबैलाई थाहा छ, सोच कसैले बनाउनुपर्छ । त्यस सोचलाई अगाडि बढाउन सबैको साथ चाहिन्छ । सबैको तत्परता चाहिन्छ, सबैको योगदान चाहिन्छ । जजसले जहाँबाट योगदान पुऱ्याउन सकिन्छ, सबैको योगदान चाहिन्छ। त्यसैकारण अघि मैले भनेको हुँ, यसमा योगदान गर्ने सबै धन्यवादका पात्र हुनुहुन्छ ।

देश अनेक उचार चढावहरुबाट अगाडि बढ्दै आएको छ । यद्यपि २०४७ सालभन्दा पछि हामी यत्ति अल्झिनु र अल्मलिनु हुँदैनथ्यो होला । योभन्दा अलिक लोकतान्त्रिक मूल्य मान्यताअनुसार सुशासनको काम र देशलाई विकासको मार्गमा तीव्रताका साथ अगाडि बढाउने काममा हामी विना अलमल तीव्र गतिमा लाग्नु पर्दथ्यो होला । आफ्नो ठाउँमा आआफ्नो भूमिकामा रहेर भूमिका पूरा गर्नु पर्दथ्यो । केही कमीहरु रहेका छन् । अलिक ढिला भएको छ तर विकासले गति लिएको छैन भन्ने कुरा होइन । हामीले सडकमा काफी उन्नति गरेका छौं ।

यसभन्दा अघिल्लो मेरो प्रधानमन्त्रीत्वकालमा मैले देश विकासमा पूर्वाधारमा जोड दिनुपर्दछ, आधारभूत रुपमा पूर्वाधार तयार भएपछि अरु विकासलाई त्यस पूर्वाधारमा, त्यस जगमा टेकेर अगाडि बढ्न सकिन्छ भनेर कामहरु अगाडि बढाएको थिए । त्यसमा पनि कनेक्टिभिटी, विद्युत् जस्ता कुराहरु आवश्यक छ । कनेक्टिभिटीमा बाटा, पुलहरु, हवाइ यातायात त पर्ने नै भयो, गर्मी ठाउँबाट चिसो ठाउँमा फुत्त गएर आराम गर्नुपऱ्यो भने केवलकार चाहियो, एकैछिनमा पुग्ने, प्रदूषणको पनि समस्या छैन ।

सञ्चारको राम्रो प्रबन्ध हुनुपऱ्यो, सञ्चारको विकास हुनुपऱ्यो । त्यसकारण ७७ वटै जिल्लामा अप्टिकल फाइबर ओछ्याएर इन्टरनेट पुऱ्याउने कार्यहरु तीव्रताका साथ गर्नुपर्छ भनेर मैले नै सुरु गरेको हुँ । त्यो पूरा भएको छ । आज इन्टरनेट सेवा केही दुर्गम ठाउँहरुमा पुग्दैन तर आमरुपमा भन्ने हो भने इन्टरनेट सेवा पुगेको छ । जहाँ पुग्दैन, जहाँ पुगेको छैन र जहाँ अत्यावश्यक छ, जस्तै अस्पताल, विद्यालय त्यहाँ दूरसञ्चार कर्पोरेशनबाट हामी बन्दोवस्त गर्न सक्छौं । त्यसै गरेर अरु विभिन्न पूर्वाधारका क्षेत्रहरुका साथै यस बीचमा विद्युत् उत्पादनमा असाधारण र उल्लेख्य प्रगति भएको छ ।

खेलकुदका क्षेत्रमा जम्मा एउटा दशरथ रङ्गशाला थियो । त्यो पनि २०७२ सालको भूकम्पले भत्काएपछि देश रङ्गशालाविहीन थियो । अहिले देशका विभिन्न ठाउँमा विभिन्न रङ्गशालाहरु निर्माण भइरहेका छन् । दशरथ रङ्गशाला निर्माण भएको छ, पोखरा रङ्गशाला निर्माण भएको छ, सुर्खेत रङ्गशाला निर्माण भएको छ । अरु पनि रङ्गशालाहरु निर्माण भएका छन् र काम अगाडि बढिरहेको छ । एकैचोटी हामीले यति धेरै कामहरु गरिरहेका छौं । हामीले विकासको गतिलाई अगाडि बढाएका छौं ।

खानेपानीको क्षेत्रमा भन्ने हो भने आश्चर्यचकित भइन्छ । अहिले विश्व बैंकले तथ्याङ्कहरु निकालेको छ । जो हामी आफैं आश्चर्य लाग्ने खालका तथ्याङ्कहरु छन् । यस बीचमा अलिकति गति अवरुद्ध भएको थियो । त्यसका पछाडि केही राजनीतिक कारणहरु थिए । तर ती कुराहरुलाई पनि हामीले सल्टाएका छौं र विकासको गतिलाई अब तीव्रता दिएका छौं ।

विकासका लागि स्थिरता र स्थायित्व चाहिन्छ, अहिले देशका प्रमुख दुई पार्टीहरु मिलेर स्थायित्व र स्थिरता दिने संकल्प र अठोटका साथ अघि बढिएको छ । स्थिरताका साथ देश विकासको कामलाई तीव्रता दिइएको छ । अहिले सुशासन र देश विकासको कामलाई अगाडि बढाइएको छ ।

अहिले एउटा मान्यता स्थापित भएको छ, जोसुकै होस्, कानुन तोड्छ, देशमा विध्वंस मच्चाउन खोज्छ, देशमा संविधान विपरीतका क्रियाकलाप गर्छ वा खासगरी अपराधिक क्रियाकलाप गर्छ भने कोही पनि कानुनभन्दा माथि हुन सक्दैन । त्यस कुरालाई वर्तमान सरकारले कोही पनि कानुनभन्दा माथि छैन भन्ने कुरा बताइरहेको छ । शान्ति सुव्यवस्था, भ्रष्टाचार नियन्त्रणका यी कामहरु दृढताका साथ गरिने छन् । सुशासनको प्रत्याभूति गर्दै जनतालाई राम्ररी सेवा सुविधाहरु यथाशक्य क्षमताअनुसार उपलब्ध गराउँदै जाने, त्यसका निम्ति पूर्वाधार र अन्य मानव संशाधनको पक्षसमेत विकास गर्दै जाने, शिक्षा र स्वास्थ्यका क्षेत्रमा विकास गर्दै अगाडि बढ्ने नीतिका साथ हामी अगाडि गइरहेका छौं । त्यसैको फलस्वरुप अघि भर्खर मैले कुरिनटारमा इच्छाकामना गाउँपालिका भवनको उद्घाटन गरेर आएँ । यहाँ बाटो शिलान्यास भएको होइन, निर्माण कार्य सम्पन्न भएको हो । शिलान्यास त भयो, बन्ला कि नबन्ला भन्ने कुरा होइन, बनिसकेपछिको यो उद्घाटन हो । त्यसकारण काम हुन्छ, हुँदैछ, काम भइरहेको छ र हुनेछ भन्ने कुराको एउटा दृष्टान्त हो ।

एक ठाउँमा मात्रै होइन, देशभरि पूर्व-पश्चिमका आठ खण्डमा यसलाई विभाजन गरेर यसको स्तरोन्नति हुँदैछ। मध्यपहाडी राजमार्ग निर्माण कार्य तीव्रताका साथ हुँदैछ। मदन भण्डारी राजमार्ग केही केही कारणहरु, जस्तै पहिलेकै बाटोसँग जोडेर लैजानुपर्ने अवस्था छ, केही वनका र निकुञ्ज, आरक्षजस्ता कारणले केही केही ठाउँमा अझै ती समस्याको समाधान गरेर निर्माण गर्नुपर्नेछ । नत्र भने काम लगभग सम्पन्न भएका छन् । हुलाकी राजमार्ग मैले भनिरहनुपरेन । अलिकति आरक्षले गर्दा ठोरीदेखि यता रोकिएको छ । चितवनको खासगरी तीन नम्बर क्षेत्र माडी र पश्चिमको क्षेत्रलाई जोड्ने ठाउँमा बाटो छुटेको छ । नारायणीमा थप पुलको विकास गर्नुपर्नेछ । नारायणीको तटबन्धलाई सम्पूर्ण रुपमा निकट भविष्यमा सुदृढ ढङ्गले सम्पन्न गर्नुपर्दछ । यी कुराहरुतर्फ सरकारको ध्यान गएको छ ।

यो जिल्ला बहुतै ऐतिहासिक जिल्ला छ । यहाँको इतिहास अहिलेको मात्रै होइन, यस ठाउँको इतिहास त्रेतायुगदेखिको छ । रामजन्मदेखिको इतिहास छ । त्यहाँदेखिको लामो इतिहास छ । यो भूभाग हाम्रो वास्तवमा एउटा सभ्यताको सुरुवात भएको भूभाग हो । जनकपुरजस्ता, चतराजस्ता ठाउँहरु वा अरु विभिन्न ठाउँहरु, त्यसपछि द्वापरयुगमा विभिन्न दार्शनिकहरुको यहाँ जन्म भएको थियो ।

तीन हजार वर्षभन्दा यताका मात्रै कुरा गर्ने हो भने स्वास्थ्य विज्ञान, त्यसको पुरानो इतिहास छ । त्यसलाई हामीले विकास गर्न सकिराखेका थिएनौं । अहिले हामी ध्यान दिइरहेका छौं । त्यस क्षेत्रमा पनि आयुर्वेद र परम्परागत उपचार पद्धति, हाम्रा जडिबुटीहरुको विकास गरेर हामी लिएर जाँदैछौं । यहाँ क्यान्सर अस्पताल, शिक्षण अस्पताल र अरु विभिन्न अस्पताल बनेका छन् । त्यसबाट विद्यार्थीहरु उत्पादन भइरहेका छन् । अब धेरै नयाँ नयाँ कुराहरु यहाँका अस्पतालहरुले गर्दै छन् भन्ने कुरा मैले थाहा पाएको छु । तसर्थ, यस ठाउँलाई हामीले त्यसैगरी एउटा फराकिलो पन र फराकिलो मनका साथ यसलाई विकास गर्नुपर्छ ।

म धेरै कुरा देख्दै, भोग्दै र पचाउँदै आएको व्यक्ति हुँ । जे आउँछ मज्जाले पचाउँछ भनेको जस्तै म सबै कुरा डाइजेष्ट गरिहाल्छु । तर, अहिले चुनाव लागेको पनि छैन, चुनाव प्रचार गर्नु परेको पनि छैन । त्यतापट्टि गइहाल्नुपर्ने आवश्यकता पनि छैन । म सबैलाई आग्रह गर्न चाहन्छु, सधैं राजनीति मात्रै, सधैं चुनाव मात्रै होइन, हामीले विकासमा ध्यान दिऊँ । हामीले एक भएर देश बनाउनुपर्नेछ । मदभेदमा होइन, एकतामा जोड दिउँ । विचारमा र अरु कुरामा विविधता हुनसक्छ तर देशको विकास गर्ने कुरामा मतभेद नराखौं । देशको विकास गर्नुपर्छ, सबैले विकास गर्नुपर्छ । हामी सबै मिलेर विकास गर्ने हो । अरुले आएर हाम्रो देश बनाउँदैन, कसैले बनाइ दिँदैन । जे सहयोग व्यक्तिहरु वा देशहरुले गर्ने गरेका थिए, अहिले विभिन्न सहयोग धरापमा पर्ने गरेको हामीले देखेका छौं । रासस

# छुट्टाछुट्टै दुर्घटनामा १० जनाको मृत्यु




काठमाण्डु । मुलुकका विभिन्न जिल्लामा सवारी दुर्घटना, डुबेर र करेन्ट लागेर पछिल्लो २४ घण्टामा १० जनाको मृत्यु भएको छ । ललितपुर, कपिलवस्तु, ताप्लेजुङ, बैतडी, सुनसरी, बर्दिया, सुर्खेत, कञ्चनपुर, सिरहा र बाँकेमा भएका दुर्घटनामा उनीहरूको ज्यान गएको हो ।

ललितपुर, महालक्ष्मी नगरपालिका-७ लुभु चाँगाथलीमा बागमती प्रदेश ०१-००३ क ८७३० नम्बरको ट्र्याक्टरको ठक्करबाट सोही स्थानका राजन सञ्यालका दुई वर्षीय छोरा प्रजन सञ्यालको घटनास्थलमा मृत्यु भएको छ । ट्र्याक्टर चालकलाई नियन्त्रणमा लिई अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कपिलवस्तुको बुद्धभूमी नगरपालिका-१ टिक्करमा ट्र्याक्टर र मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइकल सोही स्थानका ६० वर्षीय गौतम केसी तथा ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६ चाँगामा मे १त ७७५८ नम्बरको ट्र्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा ट्र्याक्टरमा सवार सोही स्थानका २८ वर्षीय भुछिरिङ शेर्पाको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

बैतडीकोडिलासैनीगाउँपालिका-६ बाङ्गबगरमा गोकुलेश्वरबाट पन्ज्युनयातर्फ जाँदै गरेको बसबाट खसेर दोगडाकेदार गाउँपालिका-४ कपिन्नाका २७ वर्षीय विष्णुराज भट्ट, सुनसरीको इटहरी उपमहानगरपालिका-२० पानीपियामा कार अनियन्त्रित भई दुर्घटना हुँदा इटहरी-१ का ४० वर्षीय विष्णु राउतको मृत्यु भएको छ,भने दुई जना घाइते भएका छन् । प्रहरीका अनुसार घाइते दुई जनाको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ ।

बर्दियाको मधुवन नगरपालिका-३ मा भएको सवारी दुर्घटनामा मधुवन-२ का २८ वर्षीय जानकु थारूको मृत्यु भएको छ,भने एकजना घाइते भएका छन् । त्यस्तै, सुर्खेतको वीरेन्द्रनगरनगरपालिका-२गाडीको ठक्करबाट पैदलयात्री जुम्ला हिमा गाउँपालिका-३ का ५५ वर्षीय कालीबहादुर बुढाको मृत्यु भएको छ ।

कञ्चनपुरको लालझाडी गाउँपालिका-६ ढक्का चान्देउस्थित मछली खोलामा डुबेर सोही स्थानका ११ वर्षीय सिद्धार्थ विकको मृत्यु भएको छ । साथीहरूसँग पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका विकको खोजीका क्रममा शव फेला परेको इलाका प्रहरी कार्यालय बेलौरीले जनाएको छ ।

त्यस्तै, सिराहाको सुखीपुर नगरपालिका-२ जगतपुर टोलका दिनेश यादवका चार वर्षीय छोरा धीरोज यादव घर नजिकै रहेको पोखरीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

नेपालगञ्ज उपमहानगरपालिका-१ का अमिन दर्जीको घरमा सवामिटर जडान गर्ने क्रममा नेपालगञ्ज-११ का २८ वर्षीय चानबाबु खाँनको मृत्यु भएको हो । सबै घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ ।रासस


**Madhesh Province Government**

**Ministry of Health and Population**

**Health Office, Dhanusha**

**Janakpurdham, Nepal**

**Invitations of bids**

**Date of Publication: 21 April 2025**

Ministry of Health and Population, Health Office, Janakpurdham, Dhanusha invites National Competitive Bids (1S1E) from Nepalese eligible bidders for the Procurement and Delivery of 4WD Double Cab Pick-up 5-Seater. Last date for bid submission 12 PM on 21 May 2025. For more details visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| S. No. | IFB Number | IFB Name | Bid Fee (NPR) | Bid Security (NPR) |
|---|---|---|---|---|
| 1. | HOD/NCB/ GOODS/2081-82/01 | The Procurement and Delivery of 4WD Double Cab Pick up 5 Seater | 3000/- | 150000/- |

**(Office Chief)**


**भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना**

यस बैंकको तपसिल बमोजिमका ग्राहकहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा ऋण लिई हाल सम्म नबुझाई भाका नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने ऋणको सांवा तथा हर्जाना व्याज समेत नबुझाएको हुंदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ को दफा ५७ (१) र यस बैंकको नियमानुसार ऋण लिंदा बैंकसंगको सहमति सम्झौता अनुसारको तपाईको तथा एकाघर परिवारको नाउंमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सांवा व्याज र हर्जाना व्याज असूल उपर गरिने व्यहोरा पनि जानकारी गराउंछौं ।

**सम्बन्धित कार्यालयको नाम : कृषि बिकास बैंक लि., शाखा कार्यालय नगराईन, धनुषा**

| क्र.सं | ग्राहकको नाम | पिता/पतिको नाम | वाजे/ससुराको नाम | ठेगाना | मिसिल नं | उद्देश्य | सांवा | २०८२ बैशाख ०४ गते सम्मको व्याज | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | न्युटन साईनटिफिक ट्रेडर्स (प्रो. युगलकान्त चौधरी) | पिताम्बर चौधरी | सिबन चौधरी | जनकपुर -४ | ५१४९ | व्यापार कर्जा | ६५०,०००।०० | ८४,६४७।०० | ७३४,६४७।०० |

**कृषि बिकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय जनकपुर**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# नेपालमा हिन्दू राष्ट्र र राजाको पुनस्थापनाको माग कत्तिको बलियो ?

## सम्पादकीय

### गणतन्त्रको रक्षा गर

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि ठूलो आन्दोलन भएको धेरै वर्ष भएको छैन। दुई सय वर्ष लामो राजसंस्थालाई विस्थापित गरी देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । गणतन्त्रको पक्षमा देशका ठूला दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र र मधेश केन्द्रित दलहरु रहेका छन् । राजालाई फेरि स्थापित गराउन राष्ट्रिय प्रजातन्त्र पाटी(राप्रपा), राजाका व्यक्तिगत समर्थकहरु, हिन्दू धर्मावलम्बीहरु र सन्तमहन्थहरु लगायत छन् । उनीहरुले देशमा राजतन्त्र स्थापना हुनुपर्ने पक्षमा विभिन्न किसिमले जनमत तयार गरिरहेका छन् । देशमा हाल दुई प्रमुख धार देखिएका छन् । पहिलो गणतन्त्र पक्षधर र अर्को गणतन्त्र बिरोधी रहेका छन् । गणतन्त्रको विरोध गर्ने सबैले राजतन्त्रको पक्षमा काम गरिरहेका छैनन् । राजनीतिक दलहरुको बिरोधमा लाग्नेहरुको पनि एउटा ठूलो समुह छ । दलहरुको कारण देशमा भ्रष्टाचार बढेको, हिन्दूत्वमाथि खतरा बढेको जस्ता विषयहरु उठाउने गरिरहेका छन् । देशमा गणतन्त्र स्थापनापछि मठमन्दिर र धार्मिक समारोहमा सीमित पूर्व राजा अहिले राजनीतिक दलहरुको केही कमजोरीको फाइदा उठाउन चाहेका छन् । जनमत अहिले प्रष्ट छैन । गणतन्त्रको विरोधमा अथवा राजतन्त्रको पक्षमा जनमत खुलेको अवस्था छैन । तर राजतन्त्र फर्काउनेहरुको कार्य लोकप्रिय भयो भने जनमत उनीहरुको पक्षमा जान सक्ने सम्भावनालाई पूर्ण रुपमा अस्वीकार गर्न सकिदैन । देशमा गणतन्त्र पक्षधर हरुको क्रियाकलापले आमनागरिक त्रसित छन् । विकास निर्माणलगायतका कार्यहरुमा हुने चरम अनियमितता, विभिन्न प्रकारको विभेदहरुको कारण आमजनमा आक्रोश बढ्दो छ। नेताहरु सत्तामा रहँदा जनविरोधी कार्यहरु गर्ने र सत्ताबाढ हट्दा आलोचना गर्ने प्रवृत्ति संस्थागत भइसकेको छ। त्यसकारण पनि जनतामा नैराश्यता बढेको छ । राजावादीहरुले अहिले त्यही विषयहरुलाई मुद्दा बनाइरहेका छन् । देशको ठूलो युवा जनशक्ति विदेशिएका छन् । बृद्ध, महिला र बालबालिकाहरु नेपालमा र छोराछोरी, पति, पिता विदेशमा छन् । देशमा बढदो बेरोजगारीलाई पनि राजावादीहरुले गणतन्त्र विरुद्धको हतियार बनाएका छन् । गाण्तन्त्र र राजावादी पक्षधर मध्ये अहिले गणतन्त्रवादीहरु सत्ता र विपक्षमा छन् । राजावादीहरु संख्यात्मक रुपमा संसदमा कमजोर छन्। तर उनीहरुलाई आफ्नो पक्षमा जनमत बढी रहेको विश्वास छ। पछिल्लो समयमा गणतन्त्रवादीहरु एकमत भएर रक्षाका लागि लाग्नेमा सहमति गरेका छन् । पूर्व राजा पर्दा पछाडिबाट राप्रपा र आफना समर्थकहरुलाई बल दिइरहेका छन् । गणतन्त्रमा जनताले पाएको अधिकार र राजतन्त्रमा भोगेका अधिकारबीचको भिन्नता राजाको पूनस्थापना र गणतन्त्रको सबलताबीचको दुरी हो । नागरिकले जता आफ्नो मत जाहेर गर्ने छन् ,त्यही पक्ष स्थापित हुनेछ।



डा.केदार कार्की

भारतीय उपमहाद्वीप फेरि एक पटक अशान्तिमा परेको छ। बंगलादेशमा भएको अशान्तिपछि, अर्को राष्ट्र नेपालमा पनि ठूलो संख्यामा मानिसहरू सडकमा उत्रिएका छन्। राजधानी काठमाडौँमा पनि कर्फ्यू लगाइएको छ। विगत तीन दशकदेखि निरन्तर अशान्तिको सामना गरिरहेको नेपालमा लाखौंको भीडले हिन्दू राजतन्त्र फिर्ताको माग गरिरहेको छ। उनीहरूको माग नेपाललाई फेरि 'हिन्दू राष्ट्र' घोषणा गरिनुपर्छ भन्ने छ। झण्डै डेढ दशकसम्म प्रजातन्त्रको प्रयोग गरिसकेपछि, नेपाल फेरि १९८० को दशकमा जहाँ थियो त्यही चौबाटोमा उभिएको छ।

प्रदूषणले घेरिएको नेपालको राजधानी काठमाडौँमा आजभोलि राजतन्त्र बनाम संघीयताको बारेमा चर्को बहस भइरहेको छ। बाहिरबाट यो शहर शान्त देखिन्छ, तर यदि तपाईंले मानिसहरूसँग कुरा गर्नुभयो भने, यहाँ सरकार विरुद्ध निराशा छाएको देखिन्छ। एकातिर जहाँ केही मानिसहरू राजतन्त्रको समर्थनमा विरोध गरिरहेका छन्, त्यहाँ एउटा ठूलो वर्ग छ जो सरकारबाट निराश छ तर राजतन्त्रको फिर्ताको पक्षमा छैन।

अप्रिल ८ मा, राजसंस्थाको समर्थनमा राजधानीको बल्खु क्षेत्रमा नेपाली झण्डा र पूर्व राजा ज्ञानेन्द्र शाहको तस्बिर बोकेका मानिसहरूको भीड जम्मा भयो। सडकको एकातिर प्रदर्शनकारीहरूको भीड थियो भने अर्कोतिर सवारी साधन सामान्य गतिमा चलिरहेको थियो। २००८ मा राजतन्त्रको अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्र बनेको नेपाललाई हिन्दू राष्ट्र बनाउन र राजतन्त्र फिर्ताको लागि आह्वान गरिएको छ। यद्यपि, आन्दोलनसँग सम्बन्धित र्‍यालीहरू बाहिर यसको प्रभाव धेरै देखिँदैन। नेपालका अन्य क्षेत्रहरूमा पनि राजतन्त्र समर्थक आन्दोलन सीमित छ र व्यापक विरोध भएको छैन।

नेपालको इतिहासको अधिकांश समय राजपरिवारले शासन गरेको छ। १८४६ देखि १९५१ सम्म, राणा परिवारका प्रधानमन्त्रीहरू सत्तामा थिए र राजपरिवार प्रतीकात्मक भूमिकामा सीमित थियो। देशमा प्रजातन्त्र स्थापनाको पहिलो प्रयास १९५१ मा भएको थियो, जब नेपाली कांग्रेसको प्रजातन्त्र समर्थक आन्दोलनका कारण राजा त्रिभुवनको सहयोगमा राणा परिवारलाई सत्ताबाट हटाइएको थियो। नेपालमा पहिलो चुनाव १९५९ मा भएको थियो र बीपी कोइराला देशको पहिलो प्रधानमन्त्री बने। नेपालमा लोकतन्त्रको यो प्रयोग धेरै समय टिक्न सकेन। १९६० मा, त्रिभुवनका छोरा महेन्द्र वीर विक्रम शाह देवले सत्ता सम्हाले र सबै लोकतान्त्रिक संस्थाहरू भंग गरे।

१९६० देखि १९९० सम्म नेपाल राजाको प्रत्यक्ष शासनमा थियो र देशमा पञ्चायत व्यवस्था प्रभावकारी थियो। यस अवधिमा, राजनीतिक दलहरू प्रतिबन्धित रहे। जनआन्दोलन पछि, १९९० मा राजतन्त्रलाई संवैधानिक रूप दिइयो। यद्यपि, प्रजातन्त्र स्थापना गर्ने प्रयास जारी रह्यो। माओवादी आन्दोलनको समयमा १९९० देखि २००६ सम्म गृहयुद्ध जस्तो अवस्था थियो। हजारौं मानिसहरूले आफ्नो ज्यान गुमाए।

जुन २००१ मा, नेपालको राजपरिवारका अधिकांश सदस्यहरूको शंकास्पद परिस्थितिमा हत्या गरियो। यो घटना राजपरिवारको इतिहासमा एउटा मोड साबित भयो र देशमा राजतन्त्रको पतन सुरु भयो। यस नरसंहारमा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाह देवको पनि मृत्यु भएको थियो। यसपछि उनका भाइ ज्ञानेन्द्र शाहले सिंहासन सम्हाले। २००५ मा, ज्ञानेन्द्र शाहले प्रजातन्त्रको अन्त्य गरे र सत्ता सिधै आफ्नो हातमा लिए। २००६ मा, गणतन्त्र स्थापनाको लागि दोस्रो जनआन्दोलन भयो र अन्ततः २००८ मा देशमा राजालाई सत्ताबाट हटाइयो। सेप्टेम्बर २०१५ मा, नेपालले धर्मनिरपेक्ष संविधान अपनायो। देशको हिन्दू राष्ट्रको पहिचान समाप्त भयो र वर्तमान संघीय प्रणाली लागू भयो।

संविधानसभाले दुई शताब्दी पुरानो संस्था खारेज गरेको १५ वर्षपछि नेपालमा हालै भएका राजतन्त्र समर्थक जुलुसहरूले यसलाई फिर्ता ल्याउने प्रयास भइरहेको संकेत गर्छन्। तर सायद त्यो यसमा धेरै पढ्नु हुनेछ; हामीले यो आन्दोलन कसरी अगाडि बढ्छ भनेर पर्खनु पर्छ। जब राजनीतिक दलहरूले धर्मनिरपेक्षताको प्रवर्द्धन गर्न थाले, राजालाई प्रतीक बनाएर नेपालको हिन्दू बहुल राज्यलाई उल्ट्याए, जनतामा तीव्र भावनाहरू थिए। तर राजतन्त्र विरुद्धको बलियो भावनालाई ध्यानमा राख्दै, यो सम्भवतः अपरिहार्य थियो कि संस्थालाई नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गर्न दबाब दिइएपछि, हिन्दू राज्य पनि जानेछ।

विश्वभर प्रजातन्त्र पतन हुँदैछ। धेरै ठाउँमा, लोकतन्त्र अधिनायकवाद र सैन्य शासनमा परिणत भएको छ, तर नेपालमा के भइरहेको छ त्यो अझ विडम्बनापूर्ण छ। राजतन्त्र पुनर्स्थापनाको लागि आन्दोलन चलिरहेको छ। नेपालका प्रदर्शनकारीहरूको दुई मुख्य माग छन् - राजतन्त्रको पुनर्स्थापना र हिन्दू राष्ट्र स्थापना। यसको अर्थ २००८ मा अस्तित्वमा नभएको प्रणाली र राज्यको पुनर्स्थापना हो।

राजतन्त्र समर्थक जुलुसहरूको अर्थ यसलाई पुनर्स्थापित गर्ने कुनै बलियो भावना छैन भन्ने होइन। उनको विचारमा, राजतन्त्रले जनतालाई मन पर्ने कुनै पनि काम गरेन। बरु यसले आम जनताको विचारलाई मात्र प्रतिबिम्बित गर्दछ कि यो आजको अस्थिर राजनीति र भ्रष्ट राजनीतिज्ञहरू भन्दा अलि राम्रो हुन सक्छ।यसको अर्थ राष्ट्रिय प्रजातन्त्र पार्टी (आरपीपी) जस्ता राजतन्त्र समर्थक दलहरूका लागि कुनै चुनावी आकर्षण छैन। उनले पाएको जस्तोसुकै समर्थन चुनावको समयमा भोटमा परिणत भएको छैन। तर हो, हिन्दू बहुल देश नेपालले आफ्नो हिन्दू राज्यको उत्पत्तिमा फर्कनु पर्छ, यो कुरा जनताको भावनाको हिसाबले स्पष्ट र बढ्दो छ।

राजतन्त्र समर्थक जुलुसहरूको नेतृत्व गर्ने केही प्रमुख कलाकारहरूमा राप्रपा पनि पर्छ, जसले पूर्व राजा ज्ञानेन्द्रलाई आफ्नो एउटा कार्यक्रममा आमन्त्रित गरेको थियो। अर्की हुन्, दुर्गा परसाई, एक व्यवसायी महिला र चिकित्सा उद्यमी जसको वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व प्रधानमन्त्री प्रचण्डसँग बलियो सम्बन्ध छ। पारसाईको प्रेरणा सम्भवतः उनको व्यावसायिक स्वार्थसँग जोडिएको छ, र राजतन्त्रको लागि उनको समर्थनले उनी त्यो त्रैमासिकमा राम्रो भाग्यको आशा गर्छन् भन्ने संकेत गर्छ। अथवा उनी वर्तमान राजनीतिक संस्थापनलाई सन्देश पठाइरहेका हुन सक्छन्। जे भए पनि उनी विवादास्पद छन् र सामाजिक सञ्जालमा पनि लोकप्रिय छन् किनभने उनले कम आय भएका परिवारहरूले लिएको बैंक ऋण मिनाहाको कडा माग राखेका छन्। पूर्व राजा ज्ञानेन्द्रको भूमिका रोचक छ। यद्यपि उनले धार्मिक समारोहहरूमा (भारतका तीर्थस्थलहरूको धेरै प्रचारित भ्रमण सहित) र केही राजनीतिक कार्यक्रमहरूमा भाग लिएका छन्, तर उनले राजतन्त्र पुनर्स्थापित गर्ने बारेमा सार्वजनिक रूपमा केही भनेका छैनन्। उनले भनेका छन् कि राजनीतिक दलहरू र पूर्व सम्राटले हात मिलाउनुपर्छ।

के नेपालको हिन्दू मागमा भारतको भाजपा वा आरएसएस संलग्न छ? भाजपा र आरएसएसका तत्वहरू बीच सम्बन्ध छ, यद्यपि ज्ञानेन्द्रसँग कुनै प्रत्यक्ष सम्बन्ध छैन। तर हालैका दिनहरूमा, उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले नेपालमा हिन्दू मशाललाई अगाडि बढाएका छन्। २००६ मा, काठमाडौंको पशुपतिनाथ मन्दिरको भव्य परिसरमा, उनले राजतन्त्र र हिन्दू राज्यको पुनर्स्थापनाको लागि आह्वान गरे।

राजतन्त्रका समर्थकहरूले पनि 'हिन्दू राष्ट्र' पुनर्निर्माणको नाममा मानिसहरूलाई परिचालन गर्ने प्रयास गरिरहेका छन्। यो निश्चित रूपमा धर्मनिरपेक्ष शासन विरुद्धको विचारधाराको रूपमा काम गर्न सक्छ। राजतन्त्रका समर्थकहरू विश्वास गर्छन् कि यो विचारधारा भारतीय जनता र सरकारलाई मन पर्न सक्छ। तर नयाँ दिल्लीले यी घटनाक्रमहरूलाई धेरै ध्यानपूर्वक हेरिरहेको छ किनभने यो नेपालको बदलिँदो परिस्थितिमा फस्न चाहँदैन। भारत पनि सतर्क रहनेछ किनभने उसले बंगलादेशमा शासन परिवर्तन र त्यसको प्रतिकूल परिणामहरू देखेको छ।

यद्यपि, यो तथ्य हो कि भारतले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको चीनप्रतिको झुकावलाई मन पराउँदैन। तर भारत विश्वस्त छैन कि राजा ज्ञानेन्द्रले चीनको विरुद्धमा भारतको पक्ष लिनुहुनेछ। विदेशमन्त्री डा. एस जयशंकरले नेपालमा भइरहेको विरोध प्रदर्शनमा भारतको कुनै भूमिका नभएको स्पष्ट पारेका छन्। अवश्य पनि, वर्तमान भारतीय शासन नेपाललाई हिन्दू राज्यको रूपमा हेर्न चाहन्छ, तर यसले आफ्नो बदलिँदो घरेलु राजनीतिमा हस्तक्षेप गर्नबाट जोगिनेछ। भारतको मुख्य चासो नेपालमा राजनीतिक र आर्थिक स्थिरता सुनिश्चित गर्नु हो, ताकि भारततर्फ मानिसहरूको बसाइँसराइ नबढोस् र चीनमाथिको निर्भरता नबढोस्। त्यसैले, भारतले नेपालको वर्तमान संकटमा हस्तक्षेप नगरी स्थिर सरकारलाई समर्थन गर्नेछ।

> वर्तमान भारतीय शासन नेपाललाई हिन्दू राज्यको रूपमा हेर्न चाहन्छ, तर यसले आफ्नो बदलिँदो घरेलु राजनीतिमा हस्तक्षेप गर्नबाट जोगिनेछ। भारतको मुख्य चासो नेपालमा राजनीतिक र आर्थिक स्थिरता सुनिश्चित गर्नु हो, ताकि भारततर्फ मानिसहरूको बसाइँसराइ नबढोस् र चीनमाथिको निर्भरता नबढोस्। त्यसैले, भारतले नेपालको वर्तमान संकटमा हस्तक्षेप नगरी स्थिर सरकारलाई समर्थन गर्नेछ।

यो कुनै नयाँ कुरा होइन, काठमाडौंमा भाँडाकुँडा खस्नुलाई वामपन्थी दलहरूले भारतको षड्यन्त्र पनि भनेका छन्। दलहरू कुनै पनि हालतमा राजाको पुनरागमन चाहँदैनन्। भारतले अहिलेसम्म यो आन्दोलन र नयाँ राजनीतिक समीकरणप्रति कुनै प्रतिक्रिया जनाएको छैन। भविष्यमा नेपालमा राजाको शासन फर्कन्छ वा प्रजातन्त्रले आफ्नो स्थान बनाउँछ भन्ने कुरा हेर्न बाँकी छ। नेपाल फेरि हिन्दू राष्ट्र बन्छ कि बन्छ भन्ने कुरा समयले नै बताउनेछ। केही बीचको बाटो पनि खोज्न सकिन्छ, जसमा राजा र प्रजातन्त्र दुवैलाई हिस्सा दिइन्छ।

राजनीतिक विश्लेषकहरू विश्वास गर्छन् कि राजतन्त्रको पक्षमा धेरैजसो हल्ला नेपालको कमजोर आर्थिक अवस्थाबाट उत्पन्न भएको हो, जसको विशेषता मुद्रास्फीति र बेरोजगारी हो, जहाँ अनुमानित १,००० युवाहरू रोजगारीको लागि विदेशमा हरेक दिन देश छोड्छन्। राजनीतिज्ञहरूलाई यो थाहा छ, तर तिनीहरू समस्या समाधान गर्न केही गर्न असमर्थ देखिन्छन्। तिनीहरू यथास्थिति कायम राख्नुपर्छ भन्ने कुरामा मात्र सहमत छन्। सरकार यो पनि स्पष्ट छ कि कुनै संवैधानिक परिवर्तन हुनेछैन किनकि यसले अन्य मागहरूको पाण्डोराको बक्स खोल्नेछ। तर हिन्दू मुद्दामा, वार्ताको लागि तत्परता देखिन्छ।

यसबाहेक, इतिहासले यो तथ्यको साक्षी दिन्छ कि राजतन्त्र कहिल्यै पनि राजनीतिभन्दा माथि रहेन, यसले राजनीतिक मुद्दाहरूमा हस्तक्षेप गरेको छ, पक्ष लिएको छ र आफ्नो शक्ति सुनिश्चित गर्न आवश्यक पर्ने ठाउँमा हेरफेर गरेको छ।

यद्यपि, राजतन्त्रको पुनर्स्थापनाको लागि अभियान चलाउनेहरूले आफ्नो देशलाई राष्ट्रको संरक्षकको रूपमा काम गर्न एक औपचारिक वा संवैधानिक राजाको आवश्यकता रहेको दाबी गरिरहन्छन्। दिल्लीमा, साउथ ब्लकलाई राम्ररी याद छ कि राजतन्त्रले कसरी चीनलाई सार्कमा ल्याउने प्रयास गरेको थियो। अथवा त्यसो भए, नेपालको पाकिस्तानसँगको सम्बन्ध, जसलाई भारतलाई सन्तुलनमा राख्ने प्रयासको रूपमा हेरिएको थियो (शाही शासनकालमा नेपाल र पाकिस्तानले सार्कमा चीनको प्रवेशलाई समर्थन गर्ने प्रयास गरेका थिए)। पाकिस्तान भारतको नेपाल रडारबाट गायब भएको हुन सक्छ, तर काठमाडौंका क्रमिक सरकारहरूले बेइजिङसँगको सम्बन्धमा फाइदा देख्दा चीन नेपालको प्रतिस्पर्धी र प्रतिद्वन्द्वी बनेको छ। त्यसैले राजतन्त्र होस् वा गणतन्त्र, नेपालका नेताहरूले सधैं भारतसँग सम्बन्ध सन्तुलनमा राख्ने प्रयास गर्नेछन्, र यदि त्यसको अर्थ चीनसम्म पुग्नु हो भने, उनीहरूले त्यसो गर्नेछन्।

